# आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेड

नेपाल राष्ट्र बैंकबाट 'घ' बर्गको इजाजतपत्र प्राप्त संस्था (वागमती प्रदेश कार्यक्षेत्र भएको)
केन्द्रीय कार्यालय बनेपा, काभ्रेपलाञ्चोक

प.सं.२०७९/८०
च.नं.२१४

मिति : २०७९/११/०८

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरबार प्लाजा, काठमाडौं ।

**बिषय : पाँचौ वार्षिक साधारण सभा प्रयोजनको लागि शेयर दाखिला खारेज कार्य बन्द गरिने बारे ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०७९/११/०८ गते अपरान्ह ४:१५ बजे बसेको ७५ औ बैठकको निर्णय बमोजिम यस वित्तीय संस्थाको आ.व.२०७८/७९ को पाँचौ वार्षिक साधारण सभा मिति २०७९/११/३० गते मंगलवारको दिन गौतम भिलेज रिसोर्ट, बनेपा-११, काभ्रेपलाञ्चोकमा हुने भएकोले साधारण सभा प्रयोजनको लागि निम्न बमोजिम शेयर दाखिला खारेज बन्द रहने व्यहोरा जानकारीको लागि अनुरोध छ ।

निम्न :

यस वित्तीय संस्थाको पाँचौ वार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०७९/११/१६ गते मंगलबार १ दिनको लागि यस वित्तीय संस्थाको शेयर दाखिल खारेज बन्द (Book Close) रहनेछ । मिति २०७९/११/१५ गते सम्ममा नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा शेयर कारोबार भई नियमानुसार सि.डि.एस. एण्ड क्लियरिङ्ग लिमिटेडबाट राफसाफ समेत भई यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार श्री बि.ओ.के. क्यापिटल मार्केट लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौंमा रहेको शेयर दर्ता किताबमा कायम हुन आएका शेयरधनी महानुभावहरुले मात्र यस वार्षिक साधारण सभामा भाग लिन, उम्मेदवार हुन, मतदान गर्न तथा बोनश शेयर तथा नगद लाभांश प्राप्त गर्नको लागि योग्य हुन सक्नेछन् ।

साथै, यस वित्तीय संस्थाका शेयरधनी महानुभावहरुको जानकारीको लागि सभा हुने मिति, स्थान, समय तथा छलफलको लागि प्रस्ताव गरिएको विषयहरु समेत समावेश गरी मिति २०७९/११/०९ गतेको कारोवार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिने र सो सम्बन्धी सूचनाको नमुना यसै पत्र साथ संलग्न गरी पठाईएको व्यहोरा समेत अनुरोध छ ।

भवदीय,

राजेश शर्मा
कम्पनी सचिव

बोधार्थ
श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लि., पुतलिसडक, काठमाडौं ।
श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं ।
श्री वि.ओ.के.क्यापिटल मार्केट लि., नक्साल, काठमाडौं ।

email: adarshalbbs@gmail.com website : www.adarshamicrofinance.com फो.नं.०११- ६६२६३६

## आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेडको
## पाँचौ वार्षिक साधारण सभा सम्वन्धी सूचना

**प्रथम सूचना प्रकाशित मिति : २०७९/११/०९ गते**

**श्री शेयरधनी महानुभावहरु,**

यस लघुवित्त वित्तीय संस्थाको मिति २०७९/११/०८ मा बसेको सञ्चालक समितिको ७५ औं बैठकको निर्णयअनुसार निम्न मिति, समय र स्थानमा तपसिल वमोजिमका प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्ने यस वित्तीय संस्थाको पाँचौ वार्षिक साधारण सभा हुने निर्णय भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) को प्रावधान बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, स्थान र समय**

**मिति :- २०७९ साल फागुन, ३० गते मंगलवार (१४ मार्च, २०२३)**

**स्थान :- गौतम भिलेज रिर्सोट,बनेपा न.पा.वडा नं.११ सिनागल,काभ्रेपलाञ्चोक**

**समय :- विहान ११:०० बजे देखी**

**क) साधारण प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आ.व. २०७८/०७९ को वार्षिक प्रतिवेदन उपर छलफल तथा पारित गर्ने ।

२. आ.व. २०७८/०७९ को लेखापरीक्षण प्रतिवेदन सहित २०७९ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण एवं सोसंग सम्बन्धित अनुसूचीहरु पारित गर्ने ।

३. सञ्चालक समितिको सिफारीस बमोजिम यस वित्तीय संस्थाको आ.व.२०७८/७९ को मुनाफा र गत बर्ष सम्मको संचित मुनाफा रकम समेतबाट २०७९ आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजी रु.२,०७,००,०००।- (अक्षरेपी दुई करोड सात लाख) को १.०५ प्रतिशतले हुन आउने रकम रु.२,१७,८९४।७४ (अक्षरेपी दुई लाख सत्रहजार आठसय चौरानब्बे र पैसा चौहत्तर) नगद लाभांश (बोनस शेयरमा लाग्ने कर प्रयोजनको लागि मात्र) वितरण गर्न स्विकृत गर्ने ।

४.आ.व.२०७९/८० को लेखापरीक्षणको लागि लेखापरीक्षण समितिबाट सिफारिश भए बमोजिम लेखापरीक्षकको नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (वर्तमान लेखापरीक्षक पिआरएसएच एण्ड चार्टर्ड एसोसिएट्स कम्पनी ऐन २०६३ को दफा १११(३) बमोजिम पुनः नियुक्तिको लागी योग्य नरहेको)

५.यस वित्तीय संस्थाको समूह "ख" साधारण शेयरधनीहरु मध्येबाट २ जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

**ख) विशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिको सिफारिश बमोजिम यस वित्तीय संस्थाको आ.व.२०७८/७९ को मुनाफा र गत बर्ष सम्मको संचित मुनाफा रकम समेतबाट २०७९ अषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजी रु.२,०७,००,०००।- (अक्षरेपी दुई करोड सात लाख) को २० प्रतिशतले हुन आउने रकम रु.४१,४०,०००।-(अक्षरेपी एकचालिस लाख चालिस हजार) बोनस शेयर वितरण गर्न स्विकृत गर्ने ।

२. हाल वित्तीय संस्थाको जारी तथा चुक्ता पुँजी रु.२,०७,००,०००।- रहेकोमा बोनश शेयर जारी पछि कायम हुने जारी पूँजी र चुक्ता पूँजी रु.२,४८,४०,०००।-(अक्षरेपी दुई करोड अठचालीस लाख चालिस हजार) पुऱ्याउन यस वित्तीय संस्थाको प्रबन्ध-पत्रको दफा ६ को उपदफा (ख) र (ग) मा आवश्यक संशोधन गर्ने ।

३. आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेड लाई डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडले प्राप्ति ( एक्विजिशन) गर्ने प्रयोजनको लागि सम्पन्न सम्झौतापत्र, सहमतिपत्र, संयूक्त (एक्विजिशन) प्राप्ती समिति गठन एवं संयूक्त प्राप्ति (एक्विजिशन) समितिलाई आवश्यक कार्य गर्न सक्ने अख्तियार प्रत्यायोजन गर्ने सञ्चालक समितिको निर्णय अनुमोदन गर्ने ।

४. आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेडलाई डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडले प्राप्ति (एक्विजिशन) गर्ने प्रयोजनका लागि चल, अचल सम्पत्ति र दायित्व मूल्यांकन (Due Diligence Audit) गर्न संयूक्त प्राप्ति (एक्विजिशन) समितिबाट सम्पत्ती र दायित्व मूल्यांकनकर्ता एस.ए.आर.एसोसियट्स चाटर्ड एकाउण्टेण्टस्लाई गरेको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गरेकोमा सञ्चालक समितिको सिफारिश बमोजिम लेखापरीक्षक नियूक्ति र पारिश्रमिक सम्बन्धी निर्णयलाई अनुमोदन गर्ने ।

५. आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेडलाई डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडले प्राप्ति ( एक्विजिशन) गर्ने प्रयोजनको लागि मूल्याङ्कनकर्ता एस.ए.आर एसोसियट्स बाट प्राप्त सम्पत्ति तथा दायित्व मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report) तथा अन्य सम्बद्ध व्यवस्था समेतका आधारमा संयूक्त प्राप्ति (एक्विजिशन) समितिको सिफारिशमा यस वित्तीय संस्थाको सञ्चालक समितिले स्वीकृत गरे बमोजिम डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडको १ कित्ता शेयर बरावर आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेडको १ कित्ता शेयर हुने गरी शेयर आदान प्रदान अनूपात (Share Swap Ratio) १:१ (एक कित्ता बरावर एक कित्ता) कायम गरी डिप्रोक्स लघुवित्त वित्तीय संस्था लि.ले यस वित्तीय संस्थालाई प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने ।

६. आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेडलाई डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडले प्राप्ति (एक्विजिशन) गर्ने प्रयोजनको लागि गर्ने तथा अन्तिम सम्झौता पत्र (Final Scheme of Arrangement) लगायतका अन्य कार्य गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

७. आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेडलाई डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडले प्राप्ति (एक्विजिशन) गरे पश्चात डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडको नामबाट एकिकृत कारोवार गर्ने प्रस्ताव पारित गर्ने ।

८. आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेडलाई डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडले प्राप्ति (एक्विजिशन) गर्ने प्रक्रियामा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायत नियमनकारी निकायको स्वीकृति लिने/अभिलेख गर्ने क्रममा वा पूँजी संरचना वा प्रबन्धपत्र, नियमावलीको संशोधन सम्बन्धमा नियमनकारी निकायहरुबाट संशोधन, परिमार्जन तथा थपघट गर्न कुनै निर्देशन प्राप्त भएमा प्राप्त निर्देशन बमोजिम संशोधन/परिमार्जन समेतका सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।

**(ग) विविध**

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

**साधारणसभा सम्वन्धी अन्य जानकारी :**

१. यस वित्तीय संस्थाको पाँचौ वार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०७९/११/१६ गते मंगलबार १ दिनको लागि यस वित्तीय संस्थाको शेयर दाखिल खारेज बन्द (Book Close) रहनेछ । मिति २०७९/११/१५ गते सम्ममा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा शेयर कारोबार भई नियमानुसार सि.डि.एस. एण्ड क्लियरिङ्ग लिमिटेडबाट राफसाफ समेत भई यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार श्री बि.ओ.के. क्यापिटल मार्केट लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौंमा रहेको शेयर दर्ता किताबमा कायम हुन आएका शेयरधनी महानुभावहरुले मात्र यस वार्षिक साधारण सभामा भाग लिन, उम्मेदवार हुन, मतदान गर्न तथा बोनश शेयर तथा नगद लाभांश प्राप्त गर्नको लागि योग्य हुन सक्नेछन् ।

२. यस वित्तीय संस्थाको वार्षिक आर्थिक विवरणहरु शेयरधनी महानुभावहरुका सम्बन्धित ठेगानामा हुलाक/कुरियर/ईमेल मार्फत पठाईनेछ । यदी प्राप्त नभएमा यस वित्तीय संस्थाको केन्द्रीय कार्यालयको वेभसाइट www.adarshamicrofinance.com बाट उक्त विवरणहरु प्राप्त गर्न सकिनेछ ।

३. सभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरुले अनिवार्य रुपमा शेयर अभौतिककरण गरेको विवरण (BOID Statement)/शेयर प्रमाणपत्र वा आफ्नो परिचय खुल्ने प्रमाणपत्र साथमा लिई आउनु हुन अनुरोध छ।

४. नावालक तथा अशक्त शेयरधनी महानुभावहरुको तर्फबाट वित्तीय संस्थाको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता रहेका व्यक्तिले मात्र भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछन्।

५. सभामा भाग लिनु हुने शेयरधनी महानुभावहरुको लागि हाजिर पुस्तिका सभा हुने दिन र स्थानमा बिहान १० बजेबाट सभा सम्पन्न नभएसम्म खुल्ला रहनेछ। शेयरधनी महानुभावहरुले सभा शुरु हुन भन्दा पहिले नै सभामा उपस्थित भई हाजिर पुस्तिकामा दस्तखत गरिदिनु हुन अनुरोध गरिन्छ।

६. प्रोक्सी मार्फत भाग लिन चाहने शेयरधनी महानुभावहरुले सम्बन्धित समूहको शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नेछन् र यस्तो प्रोक्सी फारम साधारण सभा शुरु हुनुभन्दा ४८ घण्टा अगावै यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय वा निर्वाचन अधिकृतले तोकेको कार्यालयमा दर्ता गरेकोलाई मात्र मान्यता दिईनेछ।

७. समूह "ख" साधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालकहरुको निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतबाट मिति २०७९/११/२३ गते यस वित्तीय संस्थाको सूचना पाटीमा छुट्टै प्रकाशित गरिनेछ।

८. सञ्चालक निर्वाचन सम्बन्धी निर्देशिका यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय बनेपाबाट प्राप्त गर्न सकिनेछ।

९. अन्य जानकारीको लागि यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय बनेपाको फोन नं.०११-६६२६३६ मा सम्प